जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभआरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २५६ | २०८३ साल बैशाख १८ गते शुक्रबार | Friday-01-May-2026 | पृष्ठ संख्या-8 | मूल्य रू.५/-

## स्थानीय निकायको निर्वाचन दलीय कि निर्दलीय ? बारामा चासो बढ्दो

***शु.आ. सम्बाददाता***
***बारा, १७ बैशाख***

स्थानीय निकायको आगामी निर्वाचन दलीय हुने कि निर्दलीय भन्ने विषयमा बारा जिल्लामा व्यापक चासो र चिन्ता व्यक्त हुन थालेको छ । स्थानीय बासिन्दाहरूका अनुसार विगत करिब ३५ वर्षदेखि दलीय आधारमा हुँदै आएको निर्वाचनका कारण अपेक्षित विकास हुन नसकेको गुनासो बढ्दो छ । फेटा गाउँपालिकाका एक स्थानीयले भने, "दलीय निर्वाचनकै कारण नेपाल सरकारबाट आएको अर्बौं बजेट दुरुपयोग भयो । स्थानीयदेखि केन्द्रीय नेतासम्म यसमा संलग्न देखिन्छन् ।" उनले स्थानीय तहको निर्वाचन निर्दलीय बनाउनुपर्ने माग गर्दै वर्तमान सरकारसँग ध्यानाकर्षण गराएका छन् । उनका अनुसार यदि पुरानै शैलीमा दलीय निर्वाचन गराइयो भने नयाँ र पुरानो प्रणालीबीच कुनै फरक नदेखिनेछ । त्यसैले यसपटक पार्टीभन्दा व्यक्तिको क्षमता हेरेर उम्मेदवार चयन गर्नुपर्नेमा उनले जोड दिए । २०७९ सालको स्थानीय तह निर्वाचनपछि निर्वाचित तथा पराजित अधिकांश नेताहरू जनताको दुःख-सुखमा साथ नदेखिएको गुनासो समेत




उठेको छ । फेटा गाउँपालिकामै एक युवाले निरन्तर जनताको सेवामा सक्रिय भूमिका खेलेको भन्दै आगामी निर्वाचनमा त्यस्ता उम्मेदवारलाई जिताउने तयारी भइरहेको स्थानीयहरूले बताएका छन् ।

यस्तै, बिश्रामपुर गाउँपालिका-३ का एक स्थानीयले दलीय संरचनाले प्रशासनिक संयन्त्र नै प्रभावित बनाएको आरोप लगाए । "जब कर्मचारीदेखि मेयरसम्म सबै दलीय हुन्छन्, विकासको अपेक्षा गर्नु दिवा सपना जस्तै हुन्छ," उनले भने । उनले जनसेवाभन्दा दलगत स्वार्थमा केन्द्रित नेतृत्व अस्वीकार्य रहेको बताउँदै निर्दलीय निर्वाचनको माग गरे ।

बारा जिल्लाका १६ वटै स्थानीय तहमा धेरै सर्वसाधारण निर्दलीय निर्वाचनको पक्षमा देखिएका छन् । शिक्षा, स्वास्थ्य, कृषि सुधार तथा पूर्वाधार विकास जस्ता मुख्य एजेन्डामा अपेक्षित प्रगति नहुनुले दलीय प्रणालीप्रति निराशा बढेको स्थानीयहरूको भनाइ छ ।

त्यसैले भ्रष्टाचारमुक्त समाज निर्माण र प्रभावकारी सेवा प्रवाहका लागि स्थानीय तहको निर्वाचन निर्दलीय बनाउनुपर्ने माग बारावासीले जोडतोडका साथ उठाएका छन् ।

## प्रशासनिक सुधारको लहरः प्रजिअ भुसालको सेवाप्रवाह र जेष्ठ नागरिक प्रतिको सम्मान उदाहरणीय

***शु. आ. सम्बाददाता***
***रौतहट, १७ बैशाख***



जिल्ला प्रशासन कार्यालय रौतहटले पछिल्लो समय जनताको गुनासो सुन्ने र तत्काल समाधान गर्ने कार्यमा विशेष सक्रियता देखाएको छ । रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालको नेतृत्वमा सुरु भएको जनमुखी प्रशासनिक शैलीले अहिले जिल्लाबासीको मन जितिरहेको छ ।

प्रशासनिक कार्यलाई केवल टेबुल र फाइलमा मात्र सीमित नराखी आम नागरिकको घरदैलो र भावनासँग जोड्न प्रजिअ भुसालले निर्वाह गरेको भूमिकाको चौतर्फी प्रशंसा भइरहेको छ । विशेषगरी जिल्ला प्रशासन कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरुले झन्झटिलो प्रक्रियाबाट मुक्ति पाएको र कर्मचारीहरुको व्यवहारमा सकारात्मक परिवर्तन आएको महसुस गरेका छन् ।

जिल्ला प्रशासन कार्यालयमा सेवा लिन आउने जेष्ठ नागरिक, असहाय र अपाङ्गता भएका व्यक्तिहरुलाई प्रजिअ भुसालले व्यक्तिगत रुपमै चासो दिएर सेवा उपलब्ध गराउँदै आउनुभएको छ ।

प्रशासन भनेको शासक होइन, जनताको सेवक हो भन्ने मान्यतालाई व्यवहारमा उतार्दै उनले जेष्ठ नागरिकहरुलाई कार्यकक्षमै बोलाएर सम्मानपूर्वक सेवा दिने र उनीहरुका समस्यालाई प्राथमिकताका साथ समाधान गर्ने परिपाटी बालेका हुन् । जिल्लाको शान्ति सुरक्षा, विकास निर्माणका काममा हुने ढिलासुस्ती र भ्रष्टाचार नियन्त्रणमा प्रजिअ भुसालले चाल्नुभएको कदमले रौतहटको प्रशासनिक छवि सुधार्न मद्दत पुर्याएको छ । जिल्लाका विभिन्न भागबाट आउने गुनासाहरुलाई गम्भीरतापूर्वक सुन्ने र सम्बन्धित निकायलाई तत्काल निर्देशन दिएर समाधान खोज्ने उनको शैलीले सरकारी कार्यालयप्रतिको जनविश्वास बढाएको स्थानीय नागरिकहरुको भनाइ छ ।

रौतहट जस्तो चुनौतीपूर्ण जिल्लामा प्रशासनिक कमान्ड सम्हाल्दा जनभावनालाई बुझेर अगाडि बढ्नु आफैमा कठिन कार्य हो । तर प्रजिअ भुसालले आफ्नो छोटो कार्यकालमै देखाउनुभएको समर्पण र मानवीय संवेदनाले एक कुशल प्रशासक कस्तो हुनुपर्छ भन्ने उदाहरण पेश गरेको छ । यस्तै जनमुखी र पारदर्शी नेतृत्व सधैं कायम रहन सके सुशासनको प्रत्याभूति हुने देखिन्छ ।

जिल्ला प्रशासन कार्यालय रौतहटले आगामी दिनमा पनि सेवाप्रवाहलाई अझ प्रविधिमैत्री र चुस्त बनाउँदै लैजाने लक्ष्य राखेको छ, जसले गर्दा सर्वसाधारणले राज्यको उपस्थितिको प्रत्यक्ष अनुभूति गर्न सकुन् ।

## कलैयामा नगर प्रहरी-व्यापारी विवाद सहमतिमै टुंगियो, अनावश्यक राजनीति नगर्न आग्रह

***शु.आ. सम्बाददाता***
***कलैया, १७ बैशाख***

कलैया उपमहानगरपालिका ले वैशाख ८ गते बजार क्षेत्रमा नगर प्रहरी र स्थानीयबीच भएको विवाद आपसी समझदारीमार्फत समाधान भइसकेको जनाएको छ । नगर प्रमुखद्वारा जारी प्रेस विज्ञप्तिमा उक्त विषय पूर्ण रूपमा टुंगिएको उल्लेख गर्दै यसलाई अनावश्यक रूपमा उचालेर राजनीतिक स्वार्थ साध्ने प्रयास नगर्न आग्रह गरिएको छ ।

नगरपालिकाका अनुसार विवाद बजार क्षेत्रकै व्यक्तिहरूको पहल, मध्यस्थता र सहमतिमा सौहार्दपूर्ण रूपमा समाधान गरिएको हो । घटनापछि उत्पन्न तनावलाई शान्त पार्दै दुवै पक्षबीच सहकार्यको वातावरण निर्माण गरिएको जनाइएको छ ।



विज्ञप्तिमा नगर प्रमुखले नगर प्रहरी र व्यापारी तथा स्थानीय नागरिक दुवैलाई समान रूपमा महत्त्वपूर्ण पक्षका रूपमा व्याख्या गर्दै उनीहरू सबै कलैयाको विकास, शान्ति र समृद्धिका साझेदार भएको उल्लेख गरेका छन् । नगरको समग्र व्यवस्थापन र प्रगतिका लागि सबै पक्षबीच सहकार्य आवश्यक रहेकोमा जोड दिइएको छ ।

नगरपालिकाले बजार व्यवस्थापन, ट्राफिक नियमन, सरसफाइ तथा अनुशासन कायम गर्न नगर प्रहरी, व्यापारी, स्थानीयवासी र सरोकारवालाबीच समन्वय अपरिहार्य रहेको बताएको छ । व्यवस्थित र आकर्षक शहर निर्माणका लागि साझा जिम्मेवारीबोध आवश्यक रहेको पनि उल्लेख गरिएको छ ।

साथै, विगतका विवादलाई नदोहोर्‍याउँदै आगामी दिनमा एकताबद्ध भएर कलैयालाई सभ्य, सुन्दर र व्यवस्थित नगर बनाउनेतर्फ अग्रसर हुन नगर प्रमुखले सबैमा अपिल गरेका छन् ।

मो.सा चलाउँदा हेल्मेटको अनिवार्य प्रयोग गरौं ।

## जनताको पक्षमा आवश्यक परे संसद छोड्न पनि तयार छु : सांसद गणेश धिमाल

***नवीन चौधरी***
***कोल्हबी, १७ बैशाख***

बारा क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य गणेश धिमालले जनताको हकहितका सवालमा आवश्यक परे संसद नै छोडेर जनताको पक्षमा उभिन तयार रहेको बताएका छन् । उनले जनप्रतिनिधिको पहिलो दायित्व जनताको समस्या समाधान गर्नु भएकाले जनताको आवाजलाई सदैव प्राथमिकतामा राख्ने स्पष्ट पारे ।

बारागढी गाउँपालिकामा आयोजित जनगुनासो सुनुवाइ तथा कार्यकर्ता भेटघाट कार्यक्रममा प्रमुख अतिथिको रूपमा बोल्दै सांसद धिमालले जनताको अपेक्षा र विश्वासलाई केन्द्रमा राखेर काम गरिरहेको बताए । उनले प्रधानमन्त्रीको काम सही भए समर्थन गर्ने तर गलत भए कुनै हालतमा साथ नदिने स्पष्ट सन्देश दिँदै जनहितका विषयमा आफू सधैं दृढ रहने बताए । उनले भने, "जनताको समस्या समाधान गर्नु नै मेरो पहिलो जिम्मेवारी हो । जनताको हकहितका लागि आवश्यक परे संसद छोड्न पनि म तयार छु ।




सही काममा साथ दिन्छु, गलत काममा कसैको दबाबमा पर्दिनँ ।"

सांसद धिमालले विशेषगरी किसानहरूले अहिले भोगिरहेका मल अभाव, सिँचाइ सुविधा र भन्सार समस्या समाधान गर्न आफू प्रतिबद्ध रहेको उल्लेख गरे । ती समस्याहरू समाधानका लागि पहल भइरहेको बताउँदै उनले किसानहरूलाई केही समय धैर्य गर्न आग्रह गरे । किसानको समस्या समाधानलाई आफूले प्राथमिकतामा राखेको उल्लेख गर्दै उनले निकट भविष्यमा सकारात्मक परिणाम देखिने विश्वास दिलाए । त्यसैगरी उनले वास्तविक सुकुम्बासीहरूलाई कुनै पनि हालतमा अन्याय हुन नदिने प्रतिबद्धता व्यक्त गरे । भूमिहीन र विपन्न वर्गको अधिकार सुनिश्चित गर्न आफू निरन्तर पहलमा रहेको बताउँदै धिमालले जनताको भरोसा नटुट्ने गरी काम गर्ने वाचा गरे ।

उनले केन्द्र सरकारबाट आउने बजेट तथा विकास योजनाहरू पारदर्शी र प्रभावकारी रूपमा कार्यान्वयन गर्न सक्षम नेतृत्व आवश्यक पर्ने धारणा राखे । विकास निर्माणका कामलाई तीव्र र प्रभावकारी बनाउन स्थानीय तथा प्रदेश तहमा पनि आफ्नो दल राष्ट्रिय

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

**शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी**

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम बिहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com

## सम्पादकीय..........

### रौतहटका सडकमा बढ्दो टिपर अराजकताः मौनता कि मिलेमतो?

रौतहटका विभिन्न सडकहरुमा पछिल्लो समय नम्बर प्लेटविनाका र ओभरलोड टिपरहरुको मनपरी बढ्दै गएको छ । बालुवा-गिट्टी बोकेर गुड्ने यस्ता सवारीले खुलेआम ट्राफिक नियम उल्लंघन गरिरहँदा पनि सम्बन्धित निकायको प्रभावकारी हस्तक्षेप नदेखिनु गम्भीर चिन्ताको विषय बनेको छ ।

नियमअनुसार प्रत्येक सवारीसाधनमा स्पष्ट नम्बर प्लेट अनिवार्य हुन्छ । तर, यहाँ धेरै टिपरहरुले पछाडिको नम्बर प्लेट हटाउने वा छोप्ने गरेको देखिन्छ । दुर्घटना भएमा पहिचान लुकाउन सहज हुने उद्देश्यले यस्तो गरिएको स्थानीयको आरोप छ । यस्तो प्रवृत्तिले कानुनी प्रक्रियालाई कमजोर बनाउने मात्र होइन, पीडितलाई न्यायबाट वञ्चित गर्ने खतरा पनि बढाउँछ ।

ओभरलोडको समस्या झन् गम्भीर छ । क्षमताभन्दा बढी भार बोकेर गुड्ने टिपरहरुले सडकको आयु घटाइरहेका छन् । सडकमा खाल्डाखुल्डी बढ्नु, बालुवा-गिट्टी झर्दै जानु र त्यसले साना सवारीलाई जोखिममा पार्नु दैनिक जसोको समस्या बनेको छ । यसले दुर्घटनाको सम्भावना समेत उच्च बनाएको छ ।

तर, सबैभन्दा ठूलो प्रश्न नियमन गर्ने निकायतर्फ उठेको छ । सामान्य कागजपत्रका नाममा साना सवारीलाई कारबाही गर्ने निकायहरु यस्ता ठूला उल्लंघनमा किन मौन छन्? यही असमान व्यवहारले सर्वसाधारणमा आक्रोश बढाएको छ ।

समाधानका लागि धेरै ठूलो योजना आवश्यक छैन । कडाइका साथ नम्बर प्लेट अनिवार्य गराउने, ओभरलोड नियन्त्रण गर्ने र नियम उल्लंघनमा तत्काल कारबाही गर्ने जस्ता आधारभूत कदम प्रभावकारी रुपमा लागू गर्न सके स्थिति सुधार हुन सक्छ ।

अन्ततः, समस्या नियमको अभाव होइन, कार्यान्वयनको कमजोरी हो । यदि सम्बन्धित निकायले निष्पक्ष र दृढ रुपमा काम नगर्ने हो भने यस्तो अराजकता अझ बढ्दै जाने निश्चित छ । अब प्रश्न उठ्छ—कानुन सबैका लागि समान हो कि केहीका लागि मात्र ?

# मानवताको नयाँ भाष्य



**सञ्जीव कार्की**

जब हामी यसलाई 'मानव गरिमा र न्यायको प्रश्न' भनेर बुझ्छौं, तबमात्र यसको वास्तविक समाधान सम्भव हुनेछ ।

नेपाली समाजमा जातीय विभेदको इतिहास ३५ सय वर्ष पुरानो विगत र केवल कथामात्र होइन; यो त हाम्रो वर्तमानको तीतो यथार्थ पनि हो । नेपालमा विद्यमान जातीय भेदभाव र छुवाछूत अन्त्य गर्न विभिन्न कालखण्डमा ऐन-कानुनहरू निर्माण भएका छन् । वि.सं. २०२० सालमा जारी मुलुकी ऐनले पहिलोपटक जातीय भेदभाव र छुवाछूत गर्नेलाई दण्ड दिने व्यवस्था गऱ्यो । २०४६ सालको जनआन्दोलन र प्रजातन्त्रको पुनःस्थापनापछि निर्मित नेपालको संविधान २०४७ ले पुनःजातीय भेदभाव तथा छुवाछूतलाई दण्डनीय बनायो । त्यसैगरी, सामाजिक न्यायका लागि २०६८ मा 'जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन २०६८' जारी भयो ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको वर्तमान संविधान (२०७२) मा जातीय छुवाछूत निषेधसम्बन्धी व्यापक व्यवस्थाहरू समेटिएका छन् । संविधानको प्रस्तावनामै 'सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्दै' भन्ने प्रतिबद्धता व्यक्त गरिएको छ । मौलिक हक अन्तर्गत धारा २४ मा छुवाछूत तथा भेदभावविरुद्धको हक, धारा ४० मा दलितको हक र धारा ४२ मा सामाजिक न्यायको हक सुनिश्चित गरिएको छ । साथै, धारा २५५ मा राष्ट्रिय दलित आयोगलाई संवैधानिक आयोगको रूपमा व्यवस्था गरिएको छ । यति हुँदाहुँदै पनि सामाजिक व्यवहारमा यसको अवशेषमात्र होइन, सक्रिय र क्रूर उपस्थिति अझै देखिन्छ, जसले दलित समुदायको आत्मसम्मानमा निरन्तर आघात पुऱ्याइरहेको छ ।

आज पनि दलित समुदायका व्यक्तिहरूले ज्यान गुमाउनु परेको छ; अपमान र प्रताडनामा बाँच्नु परेको छ । नयाँ संविधान जारी भएयता पनि झन्डै तीन दर्जन मानिसहरू जातीय कारणले मारिएका छन् । यही पीडादायी पृष्ठभूमिमा दशकौंदेखि एउटा अपमानजनक प्रश्न दोहोरिँदै आएको छ- 'दलित कहिले मान्छे बन्ने ?'

सरकार मानवीय गरिमाको पक्षमा गम्भीर हुनुपर्छ । यसलाई केवल 'दलितको समस्या' भनेर हेर्ने संकुचित दृष्टिकोणका कारण नै यो साझा राष्ट्रिय मुद्दा बन्न सकेको छैन ।

जातीय अहंकारले अन्धो बनाएको चेतनाले न त समाजलाई अगाडि बढाउन सक्छ, न त व्यक्तिलाई नै सम्मानित बनाउँछ । अर्काको अस्तित्वलाई सम्मान गर्नु नै मान्छे हुनुको वास्तविक अर्थ हो ।

वास्तवमा, 'हामीलाई मान्छे बन्न देऊ' भन्ने दलित समुदायको यो आग्रह आफैंमा त्रुटिपूर्ण थियो र छ । किनकि, यसले एउटा समुदायको मानव अस्तित्वमाथि नै सन्देह पैदा गर्छ । यसले दलित समुदाय 'मानव नभएको' जस्तो अर्थ ध्वनित गर्छ । त्यसैले, पछिल्लो समय यो प्रश्नको धार उल्टिन थालेको छ- 'तिमीहरू (गैरदलित) कहिले मान्छे बन्ने ?' यो केवल शब्दको उलटफेरमात्र होइन, यो त चेतनाको पुनर्संरचना हो । मान्छे हुनु एक जैविक अवस्था हो, तर मान्छे जस्तै व्यवहार गर्नु वास्तविक मानवता हो । दलित समुदाय अब 'हामीलाई मान्छे बन्न देऊ' भन्ने याचनाको चरण पार गरिसकेको छ । त्यो भाष्य आफैंमा गलत थियो, किनकि त्यसले मानवताको अधिकारलाई कसैको स्वीकृति वा दयामा निर्भर देखाउँथ्यो । आजको चेतना स्पष्ट छ- मानव अधिकार जन्मसिद्ध हो, कसैले दान दिने वस्तु होइन । त्यसैले अब आग्रह होइन, चुनौती छ- 'गैरदलितहरू आफैं मान्छे बन!'

मान्छे हुनु केवल जन्मको तथ्य हो, तर मान्छेजस्तो व्यवहार गर्नु सभ्यताको मापदण्ड हो । दलित समुदायले अहिले सोधिरहेको प्रश्न हो- सभ्य मानव बन्ने कहिले ? शिष्ट, सौम्य र जातीय विभेदरहित समाज बन्ने कहिले ? जातको नाममा दलित उत्पीडनमा परिरहने यो सिलसिला कहिलेसम्म ? यदि आज पनि सार्वजनिक धारा, कुवा वा पैनी छोएको निहुँमा मानिसहरू अपमानित हुन्छन्, मन्दिर पसेको आधारमा कुटपिटमा पर्छन्, र अन्तरजातीय प्रेम वा विवाह गरेको कारण ज्यानै गुमाउँछन् भने, त्यो समाजलाई कसरी आधुनिक वा सभ्य भन्न सकिन्छ ? यस्ता घटनाहरू केवल व्यक्तिगत कमजोरी होइनन्; यी त संस्थागत र संरचनात्मक रूपमा स्वीकृत विभेदका पराकाष्ठा हुन् ।

अन्तरजातीय प्रेम र विवाहको कारण भर्खरै सिन्धुलीको खुर्कोट प्रहरी चौकीको हिरासतभित्र एक २३ वर्षीय युवा मृत भेटिएका छन् । उनको मृत्युलाई जातीय र संरचनात्मक हत्याको रूपमा किन नबुझ्ने ? हिरासतमा रहेको व्यक्ति यातनाको कारण होस् वा जुनसुकै परिस्थितिमा, यदि राज्यको सुरक्षा घेराभित्र मृत्युवरण गर्छ भने त्यसको नैतिक र कानुनी जिम्मेवारी सरकारी निकायले लिनुपर्छ कि पर्दैन ? के यो सामान्य आत्महत्या मात्र हो ? त्यो मृत्युको पृष्ठभूमिमा रहेका कारणहरूको खोजी हुनु पर्दैन ? जातीय विभेद, सामाजिक अपमान, बहिष्करण, हिंसा र दण्डहीनताको शृंखला नै यस्ता दुःखद् घटनाका कार्यकारण सम्बन्ध हुन् । दलितमाथि हुने हत्या वा आत्महत्या केवल व्यक्तिगत घटना होइनन्; ती संरचनागत विभेदबाट सिर्जित परिणाम हुन् ।

मलाई आत्मग्लानि छ प्रिय दलित समुदायका साथीहरू! तपाईंहरू मान्छे नबन्नु भएको वा बन्न नसक्नु भएको होइन, खासमा हामी उत्पीडक वर्गका मान्छेहरू नै मान्छे बन्न नसकेका हौं । प्रश्न तपाईंहरूको मानवतामा होइन, हाम्रो मानवतामा छ । हामी, जसले आफूलाई सभ्य र सुशिक्षित ठान्यौं, वास्तवमा मानवीयतालाई अधुरो राखेर सभ्यताको ढोंग मात्र ओढिरहेका छौं । जुन चेतनाले अर्को मान्छेलाई 'अछूत' देख्छ, त्यो चेतना आफैंमा रोगग्रस्त छ । मान्छे देख्ने दृष्टि हराएको बुद्धि र न्याय-विवेक छुट्ट्याउन नसक्ने मति नै अमानवीयताका लक्षण हुन् । त्यसैले, विभेद गर्ने व्यक्ति वा समुदाय 'उच्च' होइनन्; उनीहरू त मानवीय विकासको अधुरो अवस्थाका प्रतिनिधि हुन् । अझै अचेत अवस्थामा बाँचिरहेका मानिसहरू हुन्, जसलाई ब्युँझाउन तपाईंहरूले चेतनाको वज्र प्रहार गरिरहनुभएको छ ।

हामीले बुझ्नुपर्ने मूल कुरा के हो भने, यो केवल व्यक्तिगत असफलता होइन, यो त संरचनागत उत्पादन हो । हाम्रो चेतना स्वतन्त्र रूपमा निर्मित भएको छैन; यसलाई इतिहास, राज्यसत्ता, धर्म, संस्कृति र सामाजिक संरचनाहरूले निर्माण गरेका हुन् । हामी विभेदरूपी कारखानामा उत्पादित चेतनाहरू हौं, जहाँ मानवीय समानताको सट्टा श्रेणीकरण, छुवाछूत र वर्चस्वलाई स्वाभाविक बनाइयो । यही कारणले दोषको केन्द्र पनि निकै गहिरो छ । राज्यसत्ता, जसले यस्तो विभेदकारी संरचनालाई जन्म दियो र संरक्षण गऱ्यो, उही नै यस अन्यायको प्रमुख हकदार हो । हामी गैरदलितहरू त त्यस संरचनाका वाहक र पुनरुत्पादक मात्र हौं, तर यसले हाम्रो नैतिक जिम्मेवारीलाई भने कम गर्दैन ।

प्रश्न तपाईंहरूको होइन, हाम्रो आत्मसमीक्षाको हो । 'मान्छे को हो ?' भन्ने जुन गम्भीर प्रश्न तपाईंहरूले उठाउनु भएको छ, अब त्यसको जवाफ दिने दायित्व हामीमाथि छ । मान्छे हुनु शरीरको रचनामात्र होइन, यो त चेतनाको विस्तारित रूप र फराकिलो मानवीय आयाम हो । आज पनि सहरहरूमा घरभाडा खोज्दा 'तपाईंको जात के हो ?' भन्ने प्रश्न अझै सामान्य मानिन्छ । यस्तो प्रश्नले व्यक्तिको योग्यता, व्यवहार र क्षमतालाई गौण बनाउँदै जातलाई प्राथमिकता दिन्छ । यसले अवसरको समानतामाथि प्रत्यक्ष प्रहार गर्छ । सहरहरू आधुनिकताका प्रतीक मानिए पनि मानसिकता अझै मध्ययुगीन संरचनामा अडकएको छ । घरको ढोकामै जात सोध्ने संस्कार सभ्यता होइन, मानवीय मूल्यको मृत्यु हो । घरभाडाकै समस्याका कारण दीपा नेपाली विगत ११ दिनदेखि माइतीघरमा धर्नामा छिन् । यस्तो किन हुन्छ ? यसको नीतिगत र व्यावहारिक कानुनी समाधान खोज्नु र दलित समुदायको सामूहिक पीडालाई सम्बोधन गर्नु आजको आवश्यकता हो ।

एकातिर हामी पशु अधिकारका लागि ठूला स्वरमा आवाज उठाउँछौं, चौपाया संरक्षणका अभियान चलाउँछौं । तर अर्कोतिर, मान्छेलाई नै जातको आधारमा विभेद गरिन्छ, मारिन्छ; यस्तोबेला समाज किन मौन बस्छ ? जातको आधारमा हत्या हुँदा धर्मका ठेकेदारहरूको मुख किन बन्द हुन्छ ? यस्तो समाजमा मानवताको परिभाषा के हो ? पशुप्रेम मानवीय संवेदनशीलताको सूचक हुन सक्छ, तर जब त्यही समाजले मानिसमाथि अमानवीय व्यवहार गर्छ, तब त्यो संवेदनशीलता अर्थहीन ठहरिन्छ ।

आज दलित समुदायको आवाज र शैली बदलिएको छ । यो अब करुणा, सहानुभूति वा स्वीकृतिको याचना होइन । यो त अधिकार, गरिमा र समानताको स्पष्ट दाबी हो । 'हामीलाई मान्छे बन्न देऊ' भन्ने विनम्र आग्रह अब 'तिमीहरू आफैं मान्छे बन' भन्ने नैतिक चुनौतीमा रूपान्तरित भएको छ । यो परिवर्तनले शक्ति सम्बन्धलाई नयाँ ढंगले परिभाषित गर्छ । अब प्रश्न पीडितको होइन, पीडक मानसिकताको हो । समस्या दलित समुदायको अस्तित्वमा होइन, विभेद गर्ने सोचमा छ । जबसम्म त्यो सोच बदलिँदैन, तबसम्म कुनै पनि कानुनी व्यवस्था वा नीतिगत सुधारमात्र पर्याप्त हुँदैन ।

समानता केवल संविधानको पानामा लेखिएको शब्दमात्र हुनु हुँदैन; यो त व्यवहारमा झल्किनुपर्ने मूल्य र सामाजिक जीवनको पद्धति हो । विद्यालय, कार्यस्थल, सार्वजनिक स्थल र निजी सम्बन्ध—सबै ठाउँमा समान व्यवहार बिना समाजको समग्र विकास असम्भव छ । प्रश्न फेरि त्यहीँ आएर उभिन्छ- 'तिमीहरू मान्छे बन्ने कहिले ?' यो प्रश्न केवल आरोपमात्र होइन, यो त हामीलाई आफ्नो सोच, व्यवहार र मूल्यहरूको पुनर्मूल्यांकन गर्ने एउटा अवसर पनि हो । यदि समाजले यो चुनौतीलाई स्वीकार गर्न सकेन भने, भौतिक विकासका सबै दाबीहरू खोक्रा सावित हुनेछन् । मान्छे हुनु अधिकार हो, तर अरूलाई मान्छे जस्तै व्यवहार गर्नु गम्भीर जिम्मेवारी हो । यही जिम्मेवारी पूरा नगरेसम्म कुनै पनि समाज पूर्णरूपमा सभ्य बन्न सक्दैन । दलित समुदायले अब सोध्नैपर्ने प्रश्नहरू छन्- 'जातले होइन, व्यवहारले मान्छे चिनिन्छ! छुवाछूत गर्ने हात होइन, मानवता सिक्ने मन चाहिन्छ! मान्छे भएर जन्मियौ, मान्छे जस्तै बाँच्न सिक ! हाम्रो अस्तित्व तिम्रो स्वीकृतिमा होइन, मानव अधिकारमा आधारित छ! पशु अधिकारको कुरा गर्नेहरू, मान्छेको अधिकार किन बिर्सन्छौं ? घरभाडामा जात सोध्नेहरू, तिम्रो मानवता कहाँ छ ?' समानता अब मागिँदैन, स्थापित गरिन्छ ।

मानव अधिकार, समानता र गरिमाका कुराहरू केवल किताब वा राजनीतिक नारामा सीमित हुनु हुँदैन । यी मूल्यहरू त पँधेरामा, विद्यालयमा, घरभाडामा र कार्यस्थलमा देखिनुपर्छ । जातीय अहंकारले अन्धो बनाएको चेतनाले न त समाजलाई अगाडि बढाउन सक्छ, न त व्यक्तिलाई नै सम्मानित बनाउँछ । गैरदलितहरूले आफूलाई वास्तवमै सभ्य प्रमाणित गर्न जातीय भेद अन्त्यको अभियानमा लाग्नैपर्छ । मान्छे हुनु जन्मको कुरामात्र होइन, यो त व्यवहारको कसी हो । जबसम्म समाजले आफ्नो व्यवहारमा समानता र सहअस्तित्वलाई आत्मसात् गर्दैन, तबसम्म विकासका दाबीहरू अधुरा रहनेछन् । अर्काको अस्तित्वलाई सम्मान गर्नु नै मान्छे हुनुको वास्तविक अर्थ हो ।

दलित समुदायको दलनको प्रश्न कुनै एक मन्त्रालय, कार्यक्रम वा भाषणले मात्र समाधान हुँदैन । यो एक दीर्घकालीन सामाजिक रूपान्तरणको यात्रा हो, जसमा राज्य, समाज र प्रत्येक नागरिकको सक्रिय भूमिका अनिवार्य छ । विशेषतः सरकार मानवीय गरिमाको पक्षमा गम्भीर हुनुपर्छ । यसलाई केवल 'दलितको समस्या' भनेर हेर्ने संकुचित दृष्टिकोणका कारण नै यो साझा राष्ट्रिय मुद्दा बन्न सकेको छैन । जब हामी यसलाई 'मानव गरिमा र न्यायको प्रश्न' भनेर बुझ्छौं, तब मात्र यसको वास्तविक समाधान सम्भव हुनेछ । समस्या गहिरो छ, तर समाधान असम्भव छैन । सर्त यतिमात्र हो कि हामीले सतह होइन, संरचना बदल्ने साहस गर्नुपर्छ ।

कार्की, दलित अभियन्ता तथा अध्येता हुन् ।

**विपदबाट बचौं र बचाऔं, विपद् आकस्मिक रुपमा आउने हुँदा :**

- विपद्बाट बच्न आवश्यक पूर्वतयारी गरौं, समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
- प्रहरी, दमकल, एम्बुलेन्स लगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं, विपद् आइहालेमा नआत्तिऔं,
- बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्यार राखौं,
- विपत्तिमा परेकालाई उद्धार पुनर्स्थापनामा सहयोग गरौं,
- विपद् सम्बन्धी सचेतना फैलाऔं,
- विपद्बाट हुने जनधनको क्षति न्यूनिकरण गरौं ।

महागढीमाई नगरपालिका
बरियारपुर ,बारा

समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# अमेरिकाले लज्जास्पद हार व्यहोरेको इरानका सर्वोच्च नेताको भनाइ

तेहरान- इरानका सर्वोच्च नेता आयातोल्लाह मोजतबा खामेनीले बिहीबार एक लिखित सन्देशमा इस्लामिक गणतन्त्रसँगको युद्धमा अमेरिका पराजित भएको दावी गरेका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको लामो नाकाबन्दीको इरानी नेतृत्वले उल्लङ्घन गर्न सफल हुनुलाई इरानको जीतका रूपमा सर्वोच्च नेता खामेनीले बताएका छन् ।

खामेनीले भनेका छन्, "यस क्षेत्रमा सबैभन्दा ठूलो सैन्य तैनाथी र आक्रमण र संयुक्त राज्य अमेरिकाको लज्जास्पद हारको दुई महिनापछि पर्सियन खाडी र स्ट्रेट अफ हर्मुजका लागि नयाँ अध्याय खुलेको छ ।" इरानको नयाँ सर्वोच्च नेताका रूपमा मार्च ९ मा नियुक्त भएयता अहिलेसम्म सार्वजनिक रूपमा देखा नपरेका खामेनीको सन्देश इरानमा 'पर्सियन खाडी' दिवसको वार्षिक राष्ट्रिय उत्सवको अवसरमा आएको हो।

गत फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमा आक्रमण गरेपछि तत्कालिन सर्वोच्च नेता तथा खामेनीका पिताको मृत्यु भएपछि मोजतबा खामेनी सर्वोच्च नेता बनेका थिए ।



गत हप्ता न्यूयोर्क टाइम्सले नाम नखुलाइएका कैयौं इरानी अधिकारीलाई उद्धृत गर्दै आक्रमणमा खामेनी गम्भीर घाइते भएको तर उनी मानसिक रूपमा तेज रहेको बताएको थियो । आफ्नो बिहीबारको सन्देशमा उनले अमेरिकाले यस क्षेत्रमा आफ्ना सहयोगीहरूलाई सुरक्षित गर्ने कुनै आशा प्रदान गर्ने कुरा त परै जाओस् अमेरिकी अड्डाहरूमा 'आफ्नो सुरक्षा सुनिश्चित गर्ने क्षमताको पनि अभाव रहेको कटाक्ष गरे ।

उनले यस क्षेत्रका देशहरूका लागि 'आराम र प्रगति' ल्याउने माध्यमको रूपमा रणनीतिक स्ट्रेट अफ हर्मुजको इरानको 'नयाँ कानुनी ढाँचा र व्यवस्थापन' को प्रशंसा गरे । मध्यपूर्व युद्ध सुरु भएदेखि यो जलमार्ग एउटा प्रमुख विन्दु बनेको छ, इरानले जलमार्गबाट केवल केही जहाजलाई मात्र पार गर्न अनुमति दिएको छ।

गत हप्ता इरानी एक वरिष्ठ सांसदले भनेका थिए, "तेहरानले हर्मुज जलमार्गमा लगाएको करबाट राम्रो राजस्व प्राप्त गर्न थालेको छ।" खामेनीले खाडीमा संयुक्त राज्य अमेरिकाको उपस्थित नहुनु नै यस क्षेत्रका लागि उज्ज्वल भविष्य हुने बताए ।

उनले भने, "हजारौं किलोमिटर टाढाबाट हस्तक्षेप गर्नेहरूलाई 'यसको पानीको पिँधमा बाहेक खाडीमा कुनै स्थान छैन।" नेता खामेनीले सरकारको राष्ट्रियताका लागि भएको लडाइमा इरानका जनताले पीडा सहेरै पनि समन्वय गरेको भन्दै इरानी जनताको धैर्यका लागि आधार प्रकट गरे । उनले भने, "नानो र बायोदेखि आणविक र मिसाइलसम्मका पहिचान, आध्यात्मिक, मानवीय, वैज्ञानिक, औद्योगिक र उन्नत प्रविधिहरू सबै राष्ट्रिय क्षमताहरूलाई इरानीहरू आफ्नो राष्ट्रिय लक्ष्य मान्छन्।"

यसअघि बिहीबार नै इरानका राष्ट्रपति मसुद पेजेस्कियानले इरानले हर्मुजमा गरेको कदमको बदलामा अमेरिकी नौसैनिक नाकाबन्दी 'असफल हुने' बताएका थिए । पेजेस्कियानले भने, "यस्ता उपायहरूले 'क्षेत्रीय सुरक्षा बढाउन मात्र असफल हुने छैन, तर वास्तवमा तनावको स्रोत र पर्सियन खाडीमा स्थायी स्थिरताको अवरोध हो।" इरानका नौसेना कमान्डर शाहराम इरानीले सङ्केत गरे, "इरानले 'धेरै निकट भविष्यमा' नौसैनिक हतियार तैनाथ गर्नेछ जुन उसले भर्खरै विकास गरेको छ ।

# जनताको........

स्वतन्त्र पार्टी (रास्वपा) का प्रतिनिधि निर्वाचित हुनुपर्नेमा जोड दिए ।

धिमालले आगामी स्थानीय निर्वाचनलाई लक्षित गर्दै भने, "केन्द्रमा मात्र होइन, विकासलाई प्रभावकारी बनाउन स्थानीय र प्रदेश तहमा पनि सक्षम र इमानदार प्रतिनिधि आवश्यक छन् । त्यसका लागि आगामी निर्वाचनमा रास्वपालाई जिताउनुपर्छ ।"

कार्यक्रममा उनले जनताले पालिकामा तालाबन्दी, आन्दोलन र धर्ना गर्नुपर्ने अवस्था आउन नदिने प्रतिबद्धता व्यक्त गरे । जनताका आधारभूत समस्या समयमै समाधान गर्न आफू सधैं अग्रपंक्तिमा रहने बताउँदै उनले स्थानीय तहमा देखिएका समस्याहरू समाधान गर्न सम्बन्धित निकायसँग समन्वय गरिरहेको जानकारी दिए ।

सांसद धिमालले कार्यक्रममा महिलाको उल्लेखनीय सहभागिता देखिएको भन्दै महिला सशक्तीकरणलाई विशेष प्राथमिकतामा राख्ने घोषणा पनि गरे । महिलाहरूको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणबिना समृद्ध समाज निर्माण सम्भव नभएको उल्लेख गर्दै उनले महिला नेतृत्व विकासका लागि आवश्यक पहल गरिने बताए । धिमालको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रम राष्ट्रिय स्वतन्त्र पार्टी बारागढी गाउँपालिका सभापति शनि जैसवालको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा सांसद धिमालका स्वकीय सचिव हरिओम रौनियार, पार्टीका नेता-कार्यकर्ता तथा सयौं स्थानीय बासिन्दाको उल्लेखनीय सहभागिता रहेको थियो ।

कार्यक्रमको सञ्चालन कुन्दन चौधरी ले गरेका थिए भने रामाकान्त चौधरी, वडा अध्यक्ष मनेजर चौधरी लगायतले मन्तव्य राखेका थिए । वक्ताहरूले स्थानीय समस्या समाधानमा जनप्रतिनिधिहरू जिम्मेवार हुनुपर्नेमा जोड दिँदै जनताको अपेक्षा अनुसार काम गर्न आग्रह गरेका थिए ।

कार्यक्रममा सहभागी स्थानीयवासीहरूले जनप्रतिनिधिसँग प्रत्यक्ष रूपमा आफ्ना समस्या राख्न पाएकोमा खुशी व्यक्त गरेका छन् । उनीहरूले यस्ता कार्यक्रमले जनताको आवाज सम्बन्धित निकायसम्म पुग्ने विश्वास व्यक्त गर्दै स्थानीय समस्याको समाधानमा सकारात्मक अपेक्षा बढेको बताएका छन् ।

स्थानीयवासीहरूको सक्रिय सहभागिता र सांसद धिमालले व्यक्त गरेका प्रतिबद्धताले बारागढी क्षेत्रका जनतामा विकास र समस्या समाधानप्रति नयाँ आशा जागेको सहभागीहरूको भनाइ रहेको छ ।

# १८ वर्षपछि.......

दाउ उनको थियो । सोही योजना अनुरूप उनले बुवा सुतिरहेको स्थानमा पुगी हातखुट्टा बाँधेर धारिलो हतियारले प्रहार गरी हत्या गरेको अनुसन्धानबाट खुलेको छ । घटनापछि नाम र पहिचान लुकाएर विभिन्न स्थानमा बस्दै आएका महतोलाई विशेष सूचनाको आधारमा प्रहरीले मिति २०८३ वैशाख १६ गते चितवन जिल्लाबाट पक्राउ गरेको हो । लुकीछिपी बसिरहेको अवस्थामा फेला पारिएका उनलाई रौतहट ल्याई थप कानुनी प्रक्रिया अगाडि बढाइएको छ । जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक विष्णु प्रदीप बस्यालका अनुसार प्रतिवादीमाथि थप अनुसन्धान भइरहेको छ । पुरानो र जटिल मुद्दा भए तापनि प्रहरीको निरन्तरको प्रयासले सफलता मिलेको छ, उनले बताए । यो पक्राउले अपराधी जतिसुकै समय भागे पनि कानुनको कठघराबाट उम्किन सक्दैन भन्ने सन्देश दिएको छ । बुवाको हत्या जस्तो जघन्य अपराधमा संलग्न छोरा १८ वर्षपछि कानुनको घेरामा आएपछि स्थानीयले प्रहरी प्रशासनको सक्रियताको प्रशंसा गरेका छन् ।

# परोहा नगरपालिकामा स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र स्थापना



***मेवालाल यादव***
***रौतहट, १७ बैशाख***

रौतहटको परोहा नगरपालिकामा विपद् व्यवस्थापन तथा आपतकालीन अवस्थाको प्रभावकारी सामना गर्ने उद्देश्यले स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र स्थापना गरिएको छ। केन्द्रको उद्घाटन नगर प्रमुख शेख वकिलको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो ।


उद्घाटन कार्यक्रममा बोल्दै नगर प्रमुख वकिलले हावाहुरी, असिना, महामारी, भूकम्प, बाढी लगायत प्राकृतिक तथा मानवीय विपद्का बेला जनताको सुरक्षा, धनजनको क्षति न्यूनीकरण र पूर्वतयारी सम्बन्धी जनचेतना अभिवृद्धि गर्न केन्द्र स्थापना गरिएको जानकारी दिनुभयो । उहाँले पछिल्ला वर्षहरूमा जलवायु परिवर्तनका कारण वर्षायाममा अपेक्षित वर्षा नहुने तर असोज महिनातिर एक्कासि भारी वर्षा भई बाढी आउने प्रवृत्ति बढ्दै गएको उल्लेख गर्नुभयो । यसले खोला-नाला जलमग्न भई जनजीवन प्रभावित हुने गरेको भन्दै विशेषगरी लालबकैया र बागमती नदीका कारण रौतहटमा हरेक वर्ष समस्या दोहोरिने गरेको बताउनुभयो । नगर प्रमुख वकिलले विपद्को समयमा प्रत्येक वडाबाट युवाहरूलाई परिचालन गरी उद्धार तथा राहत कार्यका लागि छुट्टै टोली गठन गरिने प्रतिबद्धता जनाउनुभयो । साथै, जनप्रतिनिधिहरूको नेतृत्वमा समन्वयात्मक विपद् व्यवस्थापन टोली निर्माण गरिने जानकारी पनि दिनुभयो । कार्यक्रममा प्रमुख जिल्ला अधिकारीले झाँझ खोला, लालबकैया नदी र बागमती नदीका कारण जिल्लामा उच्च जोखिम रहेको उल्लेख गर्नुभयो । भारततर्फ निर्माण भएका बाँधका कारण प्रत्येक वर्ष रौतहट डुबानमा पर्ने समस्या कायमै रहेको उहाँको भनाइ थियो । साथै, हावाहुरी, चट्याङ र आगलागीका हिसाबले समेत रौतहट जोखिमयुक्त जिल्लाको रूपमा रहेको उहाँले स्पष्ट पार्नुभयो ।

उक्त कार्यक्रममा सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, अनुसन्धान निकायका प्रतिनिधि, वडा अध्यक्षहरू, समाजसेवी, कर्मचारी तथा पत्रकारहरूको उपस्थिति रहेको थियो ।

स्थानीय तहमा विपद् व्यवस्थापनलाई प्रभावकारी, छिटो र समन्वयात्मक बनाउन स्थापना गरिएको यो केन्द्रले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

# सरकारी साक्षीमाथि नै मुद्दा, बयान फेरेको आरोपमा अख्तियारको कारबाही



***काठमाडौं, १७ बैशाख***

भ्रष्टाचारसम्बन्धी मुद्दामा सरकारी साक्षीको रूपमा उभ्याइएकी एक व्यक्तिविरुद्ध नै बयान फेरेको आरोपमा नयाँ मुद्दा दायर गरिएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग ले विशेष अदालतमा आरोपपत्र दायर गर्दै सरकारी साक्षी दुर्गा भण्डारी (थापा) लाई प्रतिवादी बनाएको हो ।

आयोगका अनुसार दुर्गा भण्डारी ( थापा) ले अनुसन्धानका क्रममा दिएको बयानविपरीत अदालतमा बकपत्र गरेको पुष्टि भएपछि उनीविरुद्ध कानुनी प्रक्रिया अघि बढाइएको हो । यसअघि आयोगले अनुसन्धानमा सहयोग गरेको आधारमा उनलाई भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत सजायमा पूर्ण छुट दिई सरकारी साक्षीको रूपमा प्रस्तुत गरेको थियो । तर, विशेष अदालत काठमाडौं मा २०८३ वैशाख २ गते दिएको बकपत्र आयोगमा दिएको बयानसँग मेल नखाएपछि उजुरी परेको थियो । सोही आधारमा गरिएको पुनः अनुसन्धानले बयान फेरेको पुष्टि गरेको आयोगले जनाएको छ ।

अनुसन्धान विवरणअनुसार सर्लाहीको बलरा नगरपालिकामा सञ्चालन गरिएको 'किशोरीहरूका लागि खेलौना बनाउने तालिम' कार्यक्रममा भण्डारी मुख्य प्रशिक्षकका रूपमा संलग्न थिइन् । तर ३० दिनको तालिममध्ये उनले करिब ५ दिन मात्र प्रशिक्षण दिए पनि पूरा अवधि सञ्चालन भएको देखाउन झुट्टा कागजात बनाउन सहयोग गरेको खुलेको छ । आयोगले उक्त कार्यबाट व्यक्तिगत लाभ लिनुका साथै सार्वजनिक संस्थालाई हानि पुऱ्याउने मनसाय देखिएको ठहर गरेको छ । सोही आधारमा ऐनको दफा ८ (१) (ङ) र दफा २२ अनुसार कसुर कायम गरिएको जनाएको छ ।

उक्त प्रकरणमा मुख्य प्रतिवादीहरूबाट ३ लाख ८२ हजार ५३ रुपैयाँ बिगो कायम गरिएको छ । सोही रकमको आधारमा भण्डारीलाई पनि मुख्य कसुरदार सरह सजाय माग गर्दै विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगले जनाएको छ ।

यस घटनाले सरकारी साक्षीको भूमिकामाथि नै प्रश्न उठाएको छ भने अनुसन्धानमा दिएको बयान र अदालतमा प्रस्तुत हुने अभिव्यक्तिबीच असंगति देखिए कडा कारबाही हुने संकेतसमेत दिएको छ ।

# चेक..............

साहुसँग २ लाख ७० हजार रुपैयाँ ऋण लिएका थिए । सोही ऋणको सुरक्षाका लागि उनले लुम्बिनी विकास बैंकको हस्ताक्षर मात्र गरिएको खाली चेक दिएका थिए ।

समयक्रममा सहनीले विभिन्न मितिमा गरी २ लाख ४० हजार रुपैयाँ फिर्ता गरिसकेका थिए भने बाँकी रकम किस्ताबन्दीमा तिर्ने सहमति भएको थियो ।

तर, चेक फिर्ता माग्दा साहुले उल्टै ९१ लाख रुपैयाँ बाँकी रहेको दाबी गर्दै चेक बाउन्स मुद्दामा फसाउने धम्की दिएको प्रहरीले जनाएको छ । प्रहरी अनुसन्धानका क्रममा विपेन्द्र साह र उनका सहयोगी दिनेश सोनारबीच योजनाबद्ध रूपमा मिलेमतो भएको पाइएको छ ।

उनीहरूले हस्ताक्षर भएको खाली चेकमा अनाधिकृत रूपमा ९१ लाख रुपैयाँ उल्लेख गरी चेक बाउन्स गराउने प्रक्रिया समेत अघि बढाएको खुलासा भएको छ ।

पीडितको उजुरीका आधारमा दुवै जनालाई बुधबार पक्राउ गरिएको हो । जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी विष्णु प्रदीप बस्यालका अनुसार उनीहरूविरुद्ध ठगी तथा आपराधिक विश्वासघात सम्बन्धी मुद्दा दर्ता गरी अदालतबाट तीन दिनको म्याद थप गरिएको छ । घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार मधेश प्रदेशमा ऋण लेनदेनका क्रममा साँवाको तुलनामा बढी रकम उल्लेख गरी तमसुक वा चेक लिने प्रवृत्ति देखिए पनि यसरी खाली चेक दुरुपयोग गरी अत्यधिक रकम असुल्ने प्रयासका घटना भने विरलै देखिने गरेका छन् । यस्तो गतिविधिले आर्थिक अपराध बढाउने भएकाले सचेत रहन प्रहरीले सर्वसाधारणलाई आग्रह गरेको छ ।

**विपदबाट बचौं र बचाऔं, विपद् आकस्मिक रूपमा आउने हुँदा :**

- विपद्बाट बच्न आवश्यक पूर्वतयारी गरौं, समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
- प्रहरी, दमकल, एम्बुलेन्स लगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं, विपद् आईहालेमा नआत्तिऔं,
- बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्यार राखौं,
- विपत्तिमा परेकालाई उद्धार पुनर्स्थापनामा सहयोग गरौं,
- विपद् सम्बन्धी सचेतना फैलाऔं,
- विपद्बाट हुने जनधनको क्षति न्यूनिकरण गरौं ।

**छिपहरमाई गाउँपालिका**
भिस्वा, पर्सा

**विपदबाट बचौं र बचाऔं, विपद् आकस्मिक रूपमा आउने हुँदा :**

- विपद्बाट बच्न आवश्यक पूर्वतयारी गरौं, समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
- प्रहरी, दमकल, एम्बुलेन्स लगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं, विपद् आईहालेमा नआत्तिऔं,
- बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्यार राखौं,
- विपत्तिमा परेकालाई उद्धार पुनर्स्थापनामा सहयोग गरौं,
- विपद् सम्बन्धी सचेतना फैलाऔं,
- विपद्बाट हुने जनधनको क्षति न्यूनिकरण गरौं ।

**बिन्दाबासिनी गाउँपालिका**
बहुअर्वाभाठ्ठा, पर्सा

**विपदबाट बचौं र बचाऔं, विपद् आकस्मिक रूपमा आउने हुँदा :**

- विपद्बाट बच्न आवश्यक पूर्वतयारी गरौं, समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
- प्रहरी, दमकल, एम्बुलेन्स लगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं, विपद् आईहालेमा नआत्तिऔं,
- बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्यार राखौं,
- विपत्तिमा परेकालाई उद्धार पुनर्स्थापनामा सहयोग गरौं,
- विपद् सम्बन्धी सचेतना फैलाऔं,
- विपद्बाट हुने जनधनको क्षति न्यूनिकरण गरौं ।

**फेटा गाउँपालिका**
फेटा बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# सिम्रौनगढ नगरपालिकाद्वारा सार्वजनिक जग्गा अतिक्रमण हटाउन ३५ दिने अल्टिमेटम




***बारा, १७ बैशाख***

सिम्रौनगढ नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका सार्वजनिक तथा सरकारी जग्गामा भइरहेको अतिक्रमण हटाउन ३५ दिने समयसीमा तोकेको छ। नगरपालिकाले सार्वजनिक सूचना जारी गर्दै तोकिएको अवधिभित्र स्वेच्छाले अतिक्रमण हटाउन सम्बन्धित सबै पक्षलाई आग्रह गरेको हो।

नगर कार्यपालिकाको कार्यालयले जारी गरेको सूचनाअनुसार नेपाल सरकारको स्वामित्वमा रहेका सडक, खोला, नाला, ऐलानी, पर्ती, पार्क, खुला क्षेत्र लगायतका सार्वजनिक जग्गामा विभिन्न व्यक्तिहरूले अवैध रूपमा संरचना निर्माण गरी प्रयोग गरिरहेको पाइएपछि उक्त कदम चालिएको जनाइएको छ। नगरपालिकाका अनुसार स्थलगत अनुगमनका क्रममा समेत अतिक्रमण पुष्टि भएपछि सार्वजनिक सम्पत्तिको संरक्षण र व्यवस्थापन आवश्यक देखिएको हो।

सूचनामा उल्लेख भएअनुसार नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत "शासकीय सुधार सम्बन्धी कार्ययोजना" अन्तर्गत प्राप्त निर्देशन र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रका आधारमा अतिक्रमण नियन्त्रण प्रक्रिया अघि बढाइएको हो।

नगरपालिकाले स्पष्ट पारेको छ कि सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सम्बन्धित व्यक्तिहरूले आफैं अतिक्रमण हटाई जग्गा खाली नगरेमा नगरपालिका आफैंले हटाउनेछ। त्यस्तो अवस्थामा अतिक्रमण हटाउँदा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित व्यक्ति वा पक्षबाट असुल गरिने चेतावनी समेत दिइएको छ। नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत विजय शंकर ठाकुरद्वारा हस्ताक्षरित सूचनामा सार्वजनिक सम्पत्तिको संरक्षणमा सबैको सहयोग आवश्यक रहेको उल्लेख गर्दै समयमै अतिक्रमण हटाउन आग्रह गरिएको छ।

स्थानीयवासी तथा सरोकारवालाहरूले नगरपालिकाको यो कदमलाई सार्वजनिक हितका लागि सकारात्मक भनेका छन् भने केही प्रभावित पक्षले भने वैकल्पिक व्यवस्थापनको माग समेत उठाएका छन्। आगामी दिनमा नगरपालिकाले कसरी कार्यान्वयन गर्छ भन्ने विषय चासोका रूपमा हेरिएको छ।

# सार्वजनिक जग्गा संरक्षणमा सरकार कडा, ७७ जिल्लालाई अतिक्रमण हटाउन नयाँ निर्देशन




***काठमाडौं, १७ बैशाख***

सरकारले देशभर रहेका सरकारी तथा सार्वजनिक जग्गाको संरक्षणलाई प्राथमिकतामा राख्दै अतिक्रमण हटाउने अभियानलाई अझ सशक्त बनाउने निर्णय गरेको छ। यसका लागि गृह मन्त्रालयले सबै जिल्ला प्रशासन कार्यालयहरूलाई लक्षित गर्दै नयाँ परिपत्र जारी गरेको छ।

बिहीबार जारी गरिएको उक्त निर्देशनअनुसार ७७ वटै जिल्लामा रहेका अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गाको पहिचान गरी त्यहाँ निर्माण गरिएका अवैधानिक संरचनाहरू हटाउने प्रक्रिया तत्काल अघि बढाउन भनिएको छ। मन्त्रालयले सचिवस्तरको निर्णयमार्फत यस्तो कदम चाल्दै सार्वजनिक सम्पत्तिको दुरुपयोग नियन्त्रणमा ल्याउने स्पष्ट संकेत दिएको छ।

परिपत्रमा जिल्ला प्रशासन कार्यालयहरूलाई स्थानीय तह, मालपोत, नापी तथा अन्य सम्बन्धित निकायहरूसँग समन्वय गर्दै अतिक्रमित जग्गाको विस्तृत विवरण तयार गर्न निर्देशन दिइएको छ। साथै, अतिक्रमण हटाउनका लागि ठोस कार्ययोजना तयार गरी गृह मन्त्रालयमा पेश गर्नुपर्ने व्यवस्था गरिएको छ।

शाखा अधिकृत कृष्ण देवकोटाद्वारा हस्ताक्षरित पत्रमा उल्लेख भएअनुसार जिल्लाबाट प्राप्त कार्ययोजनालाई मन्त्रालयले अध्ययन गरी स्वीकृति दिनेछ। स्वीकृतिपछि अतिक्रमण हटाउने क्रममा आवश्यक पर्ने सुरक्षा व्यवस्था तथा प्रशासनिक सहजीकरण मन्त्रालयले नै उपलब्ध गराउने जनाइएको छ।

यसअघि पनि मन्त्रालयले २०८२ चैत २० गते सार्वजनिक जग्गा संरक्षणसम्बन्धी निर्देशन जारी गरेको थियो। पछिल्लो परिपत्रलाई अघिल्लो अभियानको निरन्तरता र सुदृढीकरणका रूपमा लिइएको छ।

सरकारको यो कदमसँगै देशभर सार्वजनिक स्थल, खुला क्षेत्र तथा सरकारी स्वामित्वका जग्गामा बनेका अनधिकृत संरचनामाथि कडाइ हुने अपेक्षा गरिएको छ। सरोकारवालाहरूले दीर्घकालीन रूपमा सार्वजनिक सम्पत्तिको संरक्षणका लागि यस्तो अभियान प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा जोड दिएका छन्।

# १८ वर्षपछि खुल्यो पितृ हत्याको रहस्यः बुवाको हत्या गरी साहु फसाउने योजना बुन्ने छोरा पक्राउ



***शु. आ. सम्बाददाता***
***रौतहट, १७ बैशाख***

जिल्लाको गडा नगरपालिका साविक जयनगर गाविसमा १८ वर्षअघि भएको एक बीभत्स हत्याकाण्डको रहस्य सुल्झिएको छ। आफ्नै बुवाको हत्या गरी फरार रहेका प्रतिवादीलाई प्रहरीले झण्डै दुई दशकपछि चितवनबाट पक्राउ गर्न सफल भएको छ।


वि.सं. २०६४ जेठ २० गते राति करिब १२ बजेको समयमा साविक जयनगर गाविस वडा नं. ४ हाल गडा न.पा.-१ बस्ने ६५ वर्षीय विशेश्वर महतो कोइरीको शव हातखुट्टा बाँधिएको र धारिलो हतियार प्रहार गरिएको अवस्थामा फेला परेको थियो। गोठ घरमा सुतिरहेको अवस्थामा भएको उक्त बीभत्स हत्याले तत्कालीन समयमा गाउँभरि त्रास फैलाएको थियो। घटनालगत्तै मृतकका कान्छा छोरा राम विलास महतो स-परिवार फरार भएपछि प्रहरीले उनीमाथि सूक्ष्म निगरानी बढाएको थियो।

जिल्ला प्रहरी कार्यालय रौतहटले दिएको जानकारी अनुसार लामो समयको सुक्ष्म अनुसन्धान र खोजीपछि हत्याको कारण निकै योजनाबद्ध र स्वार्थपूर्ण रहेको खुलेको छ। पक्राउ परेका ४९ वर्षीय राम विलास महतोले गाउँका धेरै व्यक्तिहरूसँग ऋण लिएको र जग्गा सम्बन्धी मुद्दाहरू खेपिरहेका थिए।

मुद्दा मामिलाको खर्च जुटाउन नसकेको र ऋण तिर्नुपर्ने दबाबमा रहेका महतोले एउटा भयानक योजना बुनेको प्रहरीको निष्कर्ष छ। उनले आफ्नै बुवाको हत्या गरेर त्यसको दोष आफूले ऋण लिएका साहुहरू र जग्गा विवादका विपक्षीहरूलाई थोपर्ने नियत राखेका थिए। यसो गर्दा विपक्षीहरू ज्यान मुद्दामा फस्ने आफूले ऋण तिर्नु नपर्ने र जग्गा विवाद पनि सुल्झिने

बाँकी तेश्रो पृष्ठमा

# बाग्मतीमा करेन्टबाट माछा मार्ने प्रवृत्ति बढ्दो, जैविक सन्तुलनमा गम्भीर असर



***रौतहट, १७ बैशाख***

चन्द्रपुर नगरपालिका-१ अन्तर्गत बाग्मती नदी क्षेत्रमा पछिल्लो समय विद्युतीय करेन्ट प्रयोग गरी माछा मार्ने अवैध गतिविधि तीव्र रूपमा फैलिएको पाइएको छ। यसले नदीको पारिस्थितिक प्रणालीमा प्रत्यक्ष असर पारिरहेको भन्दै स्थानीय बासिन्दा तथा सरोकारवाला निकायहरू चिन्तित बनेका छन्। स्थानीय स्रोतका अनुसार बिहानैदेखि समूहगत रूपमा केही व्यक्तिहरू ब्याट्री र तार जडान गरिएको उपकरण प्रयोग गर्दै नदीमा प्रवेश गर्ने गरेका छन्। करेन्ट प्रवाह गर्दा साना भुरा, माछाका अण्डा मात्र होइन, अन्य जलचर जीवसमेत नष्ट हुने हुँदा दीर्घकालीन रूपमा नदीको प्राकृतिक सन्तुलन खल्बलिने जोखिम बढेको छ। अनुगमनका क्रममा हेटौंडास्थित प्राकृतिक जलाशय तथा प्रवर्द्धन एवं संरक्षण केन्द्रका प्रमुख सरोजकुमार यादव स्वयं घटनास्थल पुगेका थिए। उनले करेन्ट प्रयोग भइरहेको दृश्य कैद गर्न खोज्दा संलग्न व्यक्तिहरूले उनको मोबाइल खोस्ने प्रयास गरेको आरोप छ। घटनापछि सुरक्षा निकायलाई खबर गरिएसँगै प्रहरी टोली पुगेर प्रयोगमा रहेका केही उपकरण नियन्त्रणमा लिएको थियो, तर संलग्न व्यक्तिहरू भने फरार भएका छन्। स्थानीयवासीले प्रहरी चौकी नजिकै यस्तो गतिविधि भइरहँदा पनि समयमै रोकथाम नहुनु चिन्ताजनक भएको बताएका छन्। उनीहरूका अनुसार विगतदेखि नै यस्तो गतिविधि दोहोरिँदै आएको भए पनि प्रभावकारी नियन्त्रण हुन सकेको छैन।

प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै यस्ता कार्यमा संलग्नलाई कानुनअनुसार कडा कारबाही गरिने स्पष्ट पारेका छन्। "विद्युतीय करेन्ट प्रयोग गरी माछा मार्नु वातावरणीय अपराध हो, यसलाई कदापि सहन गरिँदैन," उनले भने।

प्रचलित कानुनअनुसार करेन्ट, विषादी वा विस्फोटक पदार्थ प्रयोग गरी माछा मार्नु निषेधित छ। जलचर संरक्षण ऐन, २०५५ ले यस्ता कार्यमा संलग्नलाई जरिवाना तथा कैद सजायको व्यवस्था गरेको छ।

पर्यावरणविद्हरूका अनुसार करेन्टको प्रयोगले नदीको जैविक चक्रमै गम्भीर क्षति पुऱ्याउँछ। यसले माछाको प्रजनन प्रक्रियामा अवरोध गर्नुका साथै पानीमा अक्सिजन सन्तुलन बिगार्ने, भ्यागुता, सर्प, गंगटो लगायतका जीवहरूको अस्तित्वमा समेत खतरा निम्त्याउने गर्दछ। स्थानीय बासिन्दाले वर्षौंदेखि यस समस्याबारे आवाज उठाउँदै आए पनि दीर्घकालीन समाधान नआएको गुनासो गरेका छन्। उनीहरूले नदी संरक्षणका लागि नियमित निगरानी, कडा कानुनी कार्यान्वयन र जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

# सरकारी विज्ञापन नीतिविरुद्ध कांग्रेस आक्रोशित, प्रेस स्वतन्त्रतामाथि असर पर्ने चेतावनी



***काठमाडौं, १७ बैशाख***

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन नदिने सरकारको पछिल्लो निर्णयप्रति तीव्र असन्तुष्टि जनाएको छ। पार्टीले उक्त कदमले प्रेस स्वतन्त्रता र लोकतान्त्रिक मूल्य-मान्यतामाथि प्रत्यक्ष असर पर्ने ठहर गरेको छ।

कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बे ले बिहीबार नेपाल पत्रकार महासङ्घको प्रतिनिधिमण्डलसँगको भेटमा सरकारको निर्णयप्रति कडा टिप्पणी गर्दै यसलाई "लोकतन्त्रविरोधी सोच" को संज्ञा दिए। उनले सरकारी विज्ञापनलाई सीमित माध्यममा केन्द्रित गर्ने नीति निजी सञ्चारमाध्यमको आर्थिक आधार कमजोर पार्ने र स्वतन्त्र पत्रकारितामाथि दबाब सिर्जना गर्ने बताए।

भेटका क्रममा नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्मा र महासचिव रामप्रसाद दाहाल नेतृत्वको टोलीले सरकारको निर्णय फिर्ता गराउन राजनीतिक समर्थन माग गरेको थियो। उनीहरूले निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापनबाट वञ्चित गर्नुले सञ्चार क्षेत्रको अस्तित्वमै संकट निम्त्याउने चेतावनी दिएका छन्।

नेता आङ्देम्बेले कांग्रेसले यस विषयलाई गम्भीर रूपमा लिँदै संसद् तथा संसदीय समितिहरूमा सशक्त ढंगले उठाउने स्पष्ट पारे। उनले सरकारको पछिल्लो कदमलाई अभिव्यक्ति स्वतन्त्रता संकुचन गर्ने प्रयासका रूपमा व्याख्या गर्दै तत्काल पुनर्विचार गर्न आग्रह गरे।

यसै सन्दर्भमा उनले सरकारको अध्यादेशमार्फत शासन सञ्चालन गर्ने प्रवृत्तिप्रति पनि असन्तोष व्यक्त गरे। संसद् बैठक बोलाएर स्थगित गर्ने र त्यसपछि लगातार अध्यादेश जारी गर्ने कार्यलाई उनले "अलोकतान्त्रिक अभ्यास" भन्दै आलोचना गरे।

उनका अनुसार बजेटमाथिको छलफलका लागि संसद् सक्रिय हुनुपर्ने अवस्थामा कुनै विशेष आपतकालीन परिस्थिति नहुँदा पनि अध्यादेशमार्फत निर्णय गर्नु लोकतान्त्रिक पद्धतिका लागि सकारात्मक संकेत होइन। कांग्रेसले यस विषयमा समेत कडा प्रतिवाद गर्ने जनाएको छ।

# खाली चेक दुरूपयोग गरी ९१ लाख असुल्ने प्रयास, दुई जना पक्राउ




***रौतहट, १७ बैशाख***

सानो रकमको ऋणलाई अस्वाभाविक रूपमा बढाएर ९१ लाख रुपैयाँ असुल्ने प्रयास गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय रौतहटले ठगी तथा आपराधिक विश्वासघात सम्बन्धी कसुरमा उनीहरूलाई नियन्त्रणमा लिएको जनाएको छ।

प्रहरीका अनुसार पक्राउ पर्नेमा सर्लाही पर्सा गाउँपालिका-२ का ३५ वर्षीय विपेन्द्र कुमार साह र जनकपुर उपमहानगरपालिका-२१ का दिनेश साह सोनार रहेका छन्। उनीहरूले मिलेमतोमा खाली चेक दुरुपयोग गरी ठूलो रकम असुल्ने प्रयास गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।

घटनाअनुसार गढीमाई नगरपालिका-९ का तारकेश्वर सहनीले करिब एक वर्षअघि घरायसी प्रयोजनका लागि

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ। - बृन्दाबन नगरपालिका